# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ४१५ *मिति :-* २०६३/१२/११

इजाजतपत्रप्राप्त “क” र राष्ट्रियस्तरका “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- **परिवर्त्य विदेशी मुद्रा आर्जन नभएका निकायले तालीम, गोष्ठी, बैठक आदि भ्रमणमा जाँदा पाउने सटही सुविधा बारे ।**

महाशय,

परिवर्त्य विदेशी मुद्रा खाता नभएका देहायमा उल्लिखित निकायका पदाधिकारीहरू आफ्नो कार्यालयको कामको सिलसिलामा भारतवाहेक अन्य मुलुकहरूको भ्रमणमा जाँदा विदेशी विनिमय सटही सुविधा निम्नानुसार प्रदान हुने व्यवस्था रहेको हुँदा सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. बैंक, वित्तीय संस्था, सरकारी संस्थानहरू र सरकारी तथा अर्ध सरकारी संघ/संस्थाहरूले आफ्ना पदाधिकारीहरूलाई विदेशमा तालीम, गोष्ठी, बैठक आदि भ्रमणमा पठाउनका निमित्त विदेशी मुद्रा सटही सुविधाका लागि लिखित अनुरोध गरेमा माग वमोजिम सटही उपलब्ध गराउने ।

२. उपर्युक्त वमोजिम परिवर्त्य विदेशी मुद्रा उपलब्ध गराउँदा सम्बन्धित भ्रमणकर्ताको कन्फर्म्ड हवाई टिकट र वैध राहदानी हेरी हवाई टिकटमा उपलब्ध गराएको रकम अधिकृतको दस्तखत तथा बैंक/वित्तीय संस्थाको छाप लगाई दिनुपर्नेछ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक